# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## दुहुँ गाउँपालिका

### दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## दुहुँ गाउँपालिका
### दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## दुहुँ गाउँपालिका

दार्चुला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,सदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५३७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
दुहुँ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले दुहुँ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. दुहुँ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू २ करोड ६० लाख १६ हजार बेरुजु देखिएको छ । सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४५ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ५१ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु २५ लाख १९ हजार र पेश्की रू. ३७ लाख ९१ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ४ करोड ३८ लाख ४८ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु ६ करोड ९७ लाख १४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

दुहुँ गाउँपालिका

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४५ | ३६ | २६०१६ | ० | ० | ० | ४५ | ३६ | २६०१६ | ४५०९ | २५१९ | १५१९६ | ० | ० | १७७१६ | ३७९१ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु.हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दुहुँ गाउँपालिका, दार्चुला | ४३८४८ | ० | १५० | ४३६९८ | ० | २६०१६ | ६९७१४ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : दुहुँ गाउँपालिका, दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भुपेन्द्र सिंह बडाल | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोपाल सिंह विष्ट | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २६,०१६,७५६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३,०६,२१,०२८.३२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,८७,९५,८३३ | **चालु खर्च** | २२,२७,१५,७७०.६३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०४,८५,००० | **पूँजीगत खर्च** | १०,२६,००,१३६ |
| **राजश्व बाँडफाँट** | ४,४६,१६,३२५.४९ | **वित्तीय/अन्य व्यवस्था** | ८,७७,२५,११७ |
| **आन्तरिक आय** | २८,३४,४१५.०९ | | |
| **अन्य आय** | ५,८३,६७,९४४ | | |
| **कुल आय** | ४३,५०,९९,५१७.५८ | **कुल खर्च** | ४१,३०,४१,०२३.६३ |
| **बाँकी मौज्दात** | | ५,२७,१७,५२२.२७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

१

**परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दुहुँ गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस दुहुँ गाँउपालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ६५.३५ वर्ग किलोमिटर क्षेत्रफल तथा १० हजार ८१८ जनसंख्या रहेको छ ।

लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९। ०५ ।२८ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु नम्नि अनुसार छन् :

२

**आर्थिक विवरण**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ४१,५२,५६,७३३.७५ | ३६,४३,६१,४४०.३३ | | ३६,४३,६१,४४०.३३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४०,११,५५,५६९ | ३४,७५,५८,२१९.५८ | ० | ३४,७५,५८,२१९.५८ |
| ११००० कर | ११ | ५,१८,६३,००० | ४,४९,७९,३६१.४९ | ० | ४,४९,७९,३६१.४९ |
| १३००० अनुदान | | ३३,९८,४७,००० | ३०,०१,०७,४७९ | ० | ३०,०१,०७,४७९ |
| संघीय सरकार | १२ | ३१,९३,६२,००० | २८,१८,०७,७५६ | ० | २८,१८,०७,७५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रदेश सरकार | १२ | २,०४,८५,००० | १,८२,९९,७२३ | ० | १,८२,९९,७२३ |
| १४००० अन्य राजस्व | | ८९,४५,५६९ | २४,४७,३७९.०९ | ० | २४,४७,३७९.०९ |
| १५००० विविध प्राप्ति | | ५,००,००० | २४,००० | ० | २४,००० |
| ख. अन्य प्राप्ति | | १,४१,०१,१६४.७५ | १,६८,०३,२२०.७५ | | १,६८,०३,२२०.७५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १,४१,०१,१६४.७५ | १,३९,३१,७७०.७५ | ० | १,३९,३१,७७०.७५ |
| धरौटी | | ० | २८,७१,४५० | ० | २८,७१,४५० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४३,०५,४७,४१९.३२ | ३३,७७,३४,७८१.६३ | | ३३,७७,३४,७८१.६३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४१,६४,४६,२५४.५७ | ३२,५३,१५,९०६.६३ | | ३२,५३,१५,९०६.६३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ११,८६,५८,००० | ११,२४,२२,३४८ | ० | ११,२४,२२,३४८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १०,९७,१५,२५४.५७ | ८,४५,५२,०५९.६३ | ० | ८,४५,५२,०५९.६३ |
| २५००० सहायता (Subsidy) | १८ | १,६५,५६,००० | १,५१,६८,९८७ | ० | १,५१,६८,९८७ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९७,२३,००० | ९२,०४,९१६ | ० | ९२,०४,९१६ |
| २८००० अन्य खर्च | १८ | १७,५०,००० | १३,६७,४६० | ० | १३,६७,४६० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,००,४४,००० | १०,२६,००,१३६ | ० | १०,२६,००,१३६ |
| घ. अन्य भूक्तानी | | १,४१,०१,१६४.७५ | १,२४,१८,८७५ | | १,२४,१८,८७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| कोषहरु | | १,४१,०१,१६४.७५ | ८७,८०,०३२ | ० | ८७,८०,०३२ |
| धरौटी | | ० | ३६,७६,८४३ | ० | ३६,७६,८४३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३८,००० | | -३८,००० |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,५२,९०,६८५.५७) | २,६६,२६,६५८.७० | | २,६६,२६,६५८.७० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,६०,९०,८६३.५७ | | २,६०,९०,८६३.५७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१,५२,९०,६८५.५७) | ५,२७,१७,५२२.२७ | | ५,२७,१७,५२२.२७ |
| | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ५,२७,१७,५२२.२७ | | ५,२७,१७,५२२.२७ |

वित्तिय विवरणमा समावेश नभएको आर्थिक विवरणहरु

| शीर्षक | निकासा रकम | खर्च रकम |
|---|---|---|
| सामाजिक सुरक्षा | ४५६३०८८८ | ४५६३०८८८ |
| गरिवसँग विश्वेश्वर | ४६४००० | ४६४००० |
| जम्मा | ४६०९४८८८ | ४६०९४८८८ |

| | | | | |
|---|---|---|---|---|
| ३ | | | **असुली**<br><br>लेखापरीक्षणको क्रममा बढी निकासा भएको रु २४५४७०। दाखिला गरेको प्रामाण पेश । | |
| ४ | | | **शैक्षिक अनुदानको अनुगमन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकामा १९ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा उप महानगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| ५ | | | **शैक्षिक गुणस्तर**<br><br>सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदिृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारकालागि पालिकाको ध्यान जानु पर्दछ । | |
| ६ | | | **सम्पति अभिलेखाङ्कन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जग्गाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ । | |
| ७ | | | **जिन्सी अद्यावधिक** | |
| ७.१ | | | जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार ल्यापटप प्रिन्टर र डेक्सटप कम्प्युटर लगायतका सामाग्रिहरु मर्मत गर्नुपर्ने तथा मोटरसाईकल लिलाम गर्नु पर्ने भनि औंल्याईएकोमा सोको नियमानुसार मर्मत तथा लिलाम नगरेको, म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक तथा म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र स्थानीय तह भित्रका सरकारी, एलानी तथा प्रति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत गर्नुपर्नेमा गरेको देखिएन ।पालिकाले यसको अभिलेख तथा व्यवस्थापन गरी तोकिएका फाराम प्रयोग तथा अभिलेख अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ७.२ | | | सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गरे पनि सवै शाखाहरुको एकिकृत जिन्सी नराखी शाखागत वडागत जिन्सी खाता राखेकोले जिन्सी सामान केकति छ यकिन हुनु सकेन । | |
| ८ | | | **जिम्मेवारी फरक परेको**<br><br>जिम्मेवारी फरक परेको — स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.२८७७४०२८।३२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.३०६२१०२८।३२ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१८४७०००। बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने । | |
| ९ | | | **बढी खर्च**<br><br>शीर्षक गत आर्थिक विवरणमा देखाएको खर्च र बैंक नगदी किताबको आम्दानी, खर्च र बाँकी एक आपसमा भिडान हुनुपर्दछ । पालिकाले तयार गरेको आर्थिक विवरणमा कुल आम्दानी रु४६५७२०५४५।९ र कुल खर्च रु४६५७५८५४५।९ भई रु३८०००। खर्च बढी भई बैंक घटी देखिएकोले फरक परेको रकम सम्बन्धमा एकिन गरी पेश गर्नुपर्ने रु. | ३८,००० |
| १० | | | **बैक हिसाब मिलान नगरेको**<br><br>बैक हिसाब मिलान नगरेको — स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७९।३।३१को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१को बाँकी | फरक |
|---|---|---|---|---|
| १ | ग-2.2 चालु खर्च खाता-जोर वर्ष | १९२१९३४३.२६ | १४८८९४७३.२६ | (४३२९८७०) |
| २ | ग-2.4 पुजीगत खर्च खाता-जोर वर्ष | ४५९२५०५७.८९ | ७३८२४६०९.८९ | २७८९९५५२ |
| ३ | ग-2.7 विविध खर्च खाता | 3512642.5 | ३०४०९८४.५ | (४७१६५८) |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>ग-3.1 स्थानीय तह धरौटी खाता</td><td>9994785</td><td>9994785</td><td>०.</td></tr>
<tr><td>५</td><td>ग-4.1 स्थानीय तह संञ्चित कोष खाता</td><td>०</td><td>37711131.52</td><td>३७७११९३१.५२</td></tr>
<tr><td>६</td><td>ग-5.1 स्थानीय तह विविध कोष खाता</td><td>404776</td><td>404776</td><td>०.</td></tr>
<tr><td>७</td><td>ग-7.2 स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>1234320.25</td><td>२०२३५४४.२५</td><td>७८९२२४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८०२९०९२४.९</td><td>१४१८८९३०४.४२</td><td>६१५९८३७९.५२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
पेश्की बाँकी<br><br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छ्यौट गर्नुपर्दछ रु.<br><br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>११.१</td><td>गंगा दत्त जोशी</td><td>८०,०००</td></tr>
<tr><td>११.२</td><td>दोगडा कुकुरेगाड झो.पु.उ.स.</td><td>८,९५,३८५</td></tr>
<tr><td>११.३</td><td>पालिका भवन पहिरो नियन्त्रण तथा सडक निर्माण उ.स.</td><td>३,१६,०००</td></tr>
<tr><td>११.४</td><td>भाडी झो.पु. निर्माण उपभोक्ता समिति</td><td>९,३०,७०८</td></tr>
<tr><td>११.५</td><td>लहस्या देखि दुल्ला झो.पु.उ.स.</td><td>७,३५,५६८</td></tr>
<tr><td>११.६</td><td>विरेन्द्र राज जोशी</td><td>८०,०००</td></tr>
</table>
</td><td>३,७९१,०९०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>११.७</td><td>विरेन्द्र राज जोशी</td><td>२,२०,०००</td></tr><tr><td>११.८</td><td>संचार विकास केन्द्र,खलंगा,दार्चला</td><td>१,८३,७५०</td></tr><tr><td>११.९</td><td>सामुदायिक ग्रामिण विकास समाज-नेपाल</td><td>३,४९,६७९</td></tr></table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन ।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको देखिएन ।<br>• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,<br>• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरी खरिद गरेको ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन ।<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको देखिएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको देखिएन ।<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखे गरेको देखिएन ।<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको देखिएन<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने गरेको देखियो ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी**रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात रकम शुन्य पारेको देखियो**<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• **जिन्सी निरीक्षण भएकोमा** उक्त प्रतिवेदनअनुसार मिनाहा तथा लिलामीका कार्य भएको पाइएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको**निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,**<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• कार्यपालिका तथा सभाको निर्णयबाट परिवर्तन भएका योजनाहरुको कार्यान्वयन सम्बन्धमा प्रगति विवरण तयार गरेको पाइएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन । | |
| १३ | | | **न्यायिक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७८/७९ मा २४ मुद्दा दर्ता भई २१ मुद्दा फछ्र्यौट भई ३ मुद्दा बाँकी रहेको छ । मुद्दाको वडागत अभिलेख नराखेकोे, सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी पालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न विशेष ध्यान दिनुपर्दछ । | |
| १४ | | | **विविध खर्च**<br><br>विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रयोजन नखुलाई रु.३१४००००। विविध खर्च भनेर होटलहरुको विलको आधारमा खर्च गर्ने गरेको देखियो । अतः खर्च गर्दा औचित्य पुष्टि हुने प्रमाण संलग्न गरेर मात्र खर्च लेख्ने तर्फ ध्यान दिनु पर्दछ । उक्त खर्च बाहेक पालिकाले यस बर्ष नगर सभा सञ्चालन खर्च वापत रु. खर्च गरेको छ । | |
| १५ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको छैन । पालिकाले अन्य सामाजिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा तथा विरामी परेका २६० मानिसहरुलाई रु.२५५४०००।— नगद बाँडेको देखियो । पालिकाले वडागत तथा नगरपालिकाको सिफारिसको आधारमा कार्यविधि नबनाई बाँडिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको । | |
| १६ | | | **चौमासिक खर्च**<br><br>पालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगततर्फ बार्षिक रु.१० करोड २६ लाख निकासा भएकोमा प्रथम चौमासिकमा रु.२६ लाख १२ हजार अर्थात २.५५ प्रतिशत, दोश्रो चौमासिकमा रु.२ करोड ४९ लाख ३४ हजार अर्थात | |

| | | | | |
|---|---|---|---|---|
| | | | २४.३० प्रतिशत र तेश्रो चौमासिकमा रु.७ करोड ५० लाख ५३ हजार अर्थात ७३.१५ प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु.४ करोड ८३ लाख १५ हजार अर्थात ४७.०९ प्रतिशत खर्च भएको छ । यसरी तेस्रो चौमासिकमा पूजींगत खर्चमा भार परेको देखिएबाट सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १७ | | | **अख्तियारी**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०७८।३।१० गते रु. ३६ करोड ३२ लाख ७६ हजारको बजेट सभासमक्ष पेश गरेकोमा २०७८।३। १८ पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट पारित भएको ७ दिनभित्र खर्च गर्ने अख्तियारी दिनुपर्नेमा मिति २०७८।३।२५ मा मात्र बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको अवधिभित्र खर्च गर्ने अख्तियारी दिनुपर्दछ । | |
| १८ | | | **रकमान्तर**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष पालिकाले पटके निर्णयबाट विभिन्न ३० योजना तथा कार्यक्रमबाट रु. १ करोड १६ लाख ३९ हजार बजेट घटाई २८ योजना तथा कार्यक्रममा रु. १ करोड १९ लाख १७ हजार अर्थात बजेटको ३.२८ **प्रतिशत** रकमान्तर भएको छ । रकमान्तर गर्दा कम लागत भएका कार्यक्रम लाई शुन्य बनाएर रकमान्तर गरेको देखिन्छ । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |
| १९ | | | **आयको प्रक्षेपण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । पालिकाले समितिको गठन गरी आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको | |

| | | | | |
|---|---|---|---|---|
| | | | समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्दछ । समितिको बैठक बसे पनि सैदान्तिक भाषागत रुपमा सिमा निर्धारण गर्ने, योजना छनौट गर्ने निर्णय मात्र गरी बैठक टुङ्गाउने गरेको देखियो । समितिले कानूनको व्यवस्था बमोजिमको कार्य गर्नुपर्दछ । | |
| २० | | | **योजना प्राथमिकिकरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नुपर्नेमा पालिकाले गरेको देखिएन । पालिकाले सो सम्बन्धमा ध्यान दिनुपर्दछ । | |
| २१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २२ | | | **कर्मचारी करार**<br><br>कर्मचारी करार — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६९ जना कर्मचारीहरु करारमा राखि रु.१९००००००। खर्च लेखेको छ । पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी स्वीकृत गरेर मात्र कर्मचारी स्थायी पदपूर्तिमा ध्यान दिनुपर्दछ । | |
| २३ | | | **कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ | |

। पालिकाले यस बर्ष रु.३०४७७६। कल्याणकोषको नाममा विविध खर्च खातामा जम्मा गरेकोमा हालसम्म कर्मचारी कल्याण कोष स्थापना गरेको देखिएन र उक्त कोषको संचालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम जम्मा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२४

**कोभिड खर्च**

कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८।७९ मा प्राप्त रकम र खर्च सम्बन्धी बिबरण

| **आम्दानी स्रोत** | **रकम रु.** | **खर्च शिर्षक** | **रकम रु.** |
|---|---|---|---|
| गत बर्षको बाँकी | 252736.00 | राहत वितरण | 0 |
| स्थानीय तहको आफ्नै बजेटवाट | 1000000.00 | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | 0 |
| संघीय कोभिड कोषवाट | 0.00 | औषधी एवं स्वास्थ्य उपकरण खरिद | 0 |
| प्रदेश कोभिड कोषवाट | 0.00 | आइसोलेसन केन्द्र निर्माण | 0 |
| अन्य स्रोतबाट | 0.00 | खोप कार्यक्रम खर्च | 0 |
| | | जोखिम भत्ता | 0 |
| | | स्वास्थ्य कर्मीको तलव | 550735.00 |
| | | बाँकी | 702001.00 |
| **जम्मा** | **1252736.00** | **जम्मा** | **1252736.00** |

२५

**आय श्रोतको पहिचान**

पालिकाले आफ्नो क्षेत्र भित्र रहेको आयका श्रोतहरु उचीत तरीकाले लेखाङ्कन गर्नुपर्ने तथा पालिका भित्रका घरजग्गा,व्यापार व्यवसाय,उद्योग तथा अन्य राजस्वका श्रोतहरु पहिचान गरी सोको अभिलेख राखी लगत अद्यावधिक गरी राख्नु पर्नेमा पालिकाले सोको अभिलेख पनि सही तरीकाले राखेको देखिएन । पालिकाले आफ्नो क्षेत्र भित्र रहेको आयका श्रोतहरु उचीत तरीकाले लेखाङ्कन गरी राजस्वको दायरालाई फराकिलो बनाउन तर्फ ध्यान दिनुपर्दछ ।

२६

**आय अनुमान र असुली स्थिति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ८१०००० | ५२२०४१ | ६४.४५ |
| घरजग्गा वहाल कर | ६००००० | ५७५६४ | ९.५९ |
| व्यवसाय कर | १५०००० | १९४७९० | १२९.८६ |
| वहाल विरौटी शुल्क | ५०००० | ० | ०. |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ६६००००० | १३४००० | २.०३ |
| अन्य प्रशासनिक सेवा शुल्क | ८००००० | २८२००० | ३५.२५ |
| अन्य आय | १६२२००० | १६४४०२०.०९ | १०१.३६ |
| जम्मा | १०६३२००० | २८३४४१५ | २६.६६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२७

**कानून र सञ्चालन स्थिति**

कानून र सञ्चालन स्थिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ५ वटा नियमावली, १२ कार्यविधि ९ निर्देशिका समेत ३५ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ ।

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **गुणस्तर**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने व्यवस्था अनुसार आवश्यक कार्यको परीक्षणका लागि छुट्टै आइटम बनाई भुक्तानी समेत गर्ने गरेको छ । केही ठेक्कामा भुक्तानी प्रयोजनका लागि गुणस्तर परीक्षणका प्रमाण लिए पनि अधिकाँश ठेक्कामा गुणस्तर परीक्षणको प्रमाण लिएको देखिएन भने परीक्षण गरि प्रमाण पेश गरेका ठेक्का प्याकेजमा पनि के कति संख्या र समयमा गुणस्तर परीक्षण गरिनु पर्ने हो, सो अनुसार गरे नगरेको अनुगमन मुल्यांकन गरेको देखिएन । त्यस्तै गुणस्तर परीक्षण गर्दा के कस्ता आइटमको कार्यालयबाट र वाहिरीवाट गरिने स्पष्ट गरेको छैन । तसर्थ गुणस्तर परीक्षणको व्यवस्था गर्दा आवश्यक ठानिएका कार्यको अनिवार्य रुपमा गुणस्तर परीक्षण प्रमाण लिने र परीक्षण गर्दा गराउँदा सकेसम्म कार्यालयबाटै नमुना लिई परीक्षण गर्दा गराउदा भरपर्दो र बिश्वसनीय हुने तर्फ ध्यान जान आबश्यक देखिन्छ ।<br>**वीमा-** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । नियमावलीको दफा १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले तोकिए बमोजिम बीमा गर्नु पर्ने गरी सम्झौता गरे पनि वीमा गरेको प्रमाण नै लिने गरेको देखिएन । जसबाट निर्माण कार्यको जोखिम न्यूनीकरण गर्न ऐन नियमको मनसाय अनुसार कार्य भएको पाईएन । दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्दा त्रुटी सुधार गर्ने अबधिसम्मका लागि बीमा गर्ने गराउने व्यबस्था गरी त्यसको प्रमाण लिने व्यबस्था हुनुपर्दछ ।<br>**कार्य स्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।<br>म्याद थप-सम्झौता कार्यान्वयन सम्बन्धमा सम्झौताको शर्त बमोजिम निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न गर्नु पर्नेमा कतिपय कार्यहरु निर्धारित समयमा सम्पन्न नभइ कार्यालयले आपूर्तक वा निर्माण ब्यवशायीको माग बमोजिम म्याद थप स्वीकृत गरेको देखिन्छ । म्याद थप गर्दा निर्माण व्यवसायीको निबेदन बमोजिम कारण मनासिब ठहऱ्याए कार्यपालिकाले निर्णय गरी म्याद थप गर्ने गरेको देखिन्छ । म्याद थप गर्दा पर्याप्त आधार प्रमाण लिएर मात्र म्याद थप गर्नुपर्दछ । | |
| २९ | | | **स्थानीय कानुन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म पालिकाले १० ऐन, ३ नियमावली, २५ कार्यविधिसमेत गरी ३८ कानून बनाएको छ । पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय तथ्याङ्क , फोहोर व्यवस्थापन लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ। निर्माण भएका कानूनहरुलाई संघीय तथा प्रादेशिक कानूनबमोजिम संशोधन तथा अद्यावधिक गर्नेतर्फ पालिकाले ध्यान पुऱ्याउनुपर्दछ । | |
| ३० | | | **राजश्व दाखिला** | |
| ३०.१ | | | राजश्व दाखिला आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । पालिकाले नगदी रसिद ठेलिहरु के कति छपाई गरेको हो सोको अभिलेख नराखेको र वडा कार्यालयहरुलाई ठेली बुझाएकोमा रसिद नियन्त्रण खाता राखेको देखिएन । वडा कार्यालयलाई बुझाएको रसिदहरु हाल सम्म पालिकामा फिर्ता गरेको देखिएन । कुन वडा कार्यालयबाट के कति राजस्व असुल भयो कति बाँकी छ सोको विवरण नभएकाले वास्तविक राजस्व असुलीको अवस्था यकिन गर्न सकिएन । पालिका अन्तर्गत ५ वडा पालिकाबाट रु.२८३४४१५।०९ प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गर्नुपर्ने तथा कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ३०.२ | | | आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ५ वडा पालिकाबाट प्राप्त गरेको राजश्व रकम रु.२८३४४१५।०९ ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । प्राप्त विवरण अनुसार पालिका र वडा कार्यालयहरुले संकलन गरेको आन्तरिक राजश्व रकम ३/४ महिनामा मात्र दाखिला गर्ने गरेकोले ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयबाटै यकिन गरी जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । | |
| ३१ | | | **चौमासिक प्रगती विवरण**<br><br>आर्थिक कार्यविधि नियमावली,२०६४को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्षमा १४८ कार्यक्रम संचालनगरी रु. | |

| | | | | |
|---|---|---|---|---|
| | | | १०२६००१३६। खर्च गरेकोमा उपर्युक्त नियम बमोजिम अनुसूची—२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । नियमावलीको व्यवस्था बमोजिम प्रगती विवरण तयार गर्नु पर्दछ । | |
| ३२ | | | **योजना छनौट**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| ३३ | | | **डिपिआर खर्च**<br><br>सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत लागत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| वडा नं. ४ मा कबडहल निर्माण (249) | माईलस्टोन इन्फाष्ट्रचर इन्जिनीयरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | **441265** | **441265** | |
| हिकिला खानेपानी तथा सरसफाइ योजना | सिडेक प्रा. लि. | **341565** | **341565** | |

| | | | | |
|---|---|---|---|---|
| | | | ढौडया खानेपानी तथा सरसफाइ योजना \| विर वेताल ईन्जिनियरीङ कन्सल्टेन्सी \| **498330** \| **498330** \| | |
| ३४ | १० १ | २०७९ -३-५ | **राष्ट्रपति महिला उत्थान**<br><br>मानव विकास सुचकाङ्कमा पछाडी परेका स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालनको लागि भूमिराज कृषि सहकारी संस्था लिमिटेड मार्फत विभिन्न कार्यक्रम सञ्चालन गरी पालिकाबाट पदाधिकारी तथा कर्मचारीहरु समेतको अनुगमन गरी रु.७५००००। भुक्तानी गरेकोमा पुनःसोही संस्थाको का र्यक्रममा सहभागि जनप्रतिनिधि तथा कर्मचारीहरुले अनुगमन गरेको भनि ७ जना पदाधिकारी तथा कर्मचारीहरुलाई रु.६६३००। (कर कट्टा गरी) भुक्तानी गरेकोले एउटै कार्यको दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | ५२,७०० |
| ३५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम — स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन ।योजनामा पाईप तथा ग्यावियन जालिको काम भए पनि सोको प्राप्त भएको स्रोत खुलेको देखिँदैन । कामका लागी रोजगार कार्यक्रममा पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा घोरेटोबाटो निर्माण, तटवन्धन, अन्य विद्यालय भवन मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी २०९४ वेरोजगार सुचिकृत गरी ४३९ जनालाई १०० दिन रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु.२५३३०३००। खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु तर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ३६ | | | **अनुदान बितरण** | |
| ३६. १ | | | अनुदान बितरण - बितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता बृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एककृत अनुदान नीति तथा कानून तर्जुमा गरी अनुदान वितरण तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | लाभग्राहीलाई अनुदान वितरण गर्नुपर्दछ ।पालिकाले यस सम्बन्धमा कुनै कानुन तथा निति तयार गरेको छैन । कार्यालयबाट खर्च हुने अनुदानमा संघको कार्यक्रमको संघिय निर्देशिका र स्थानीय तहबाट खर्च हुने अनुदानको स्थानीय निर्देशिकालाई पालना गरेर खर्च गर्नुपर्नेमा केहि कार्यक्रममा सोको पनि पालना नगरी खर्च गरेको देखिन्छ । यसले गर्दा अनुदान वितरणमा वास्तविक लाभग्राहिले नपाउने पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम देखिन्छ । पालिकाबाट हुने अनुगमन मुल्याँङ्कनमा वास्तविक वस्तुस्थितिको कार्यक्रम पूर्व तथा कार्यक्रम पश्चातको काम झल्कने गरी फोटो अनुगमन प्रतिवेदन वेगर अनुगमन भत्ताको मात्र विल भर्पाई रहने गरेको देखिन्छ । अनुदान रकम बितरण गरेकै आधारमा सबै काम सम्पन्न भई वितरित रकमको उच्चतम सदुपयोग भएको छ भनि बिश्वस्त हुने अबस्था देखिदैन । साथै उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्ने र अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरुको अभिलेख राख्ने तर्फ पालिकाको ध्यान जान आवश्यक देखिन्छ । | |
| ३६.२ | | | अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा पालिकाले समिक्षा गरी आगामी दिनहरुमा यस्ता दिर्घकालीन प्रभाव पार्ने खालका कार्यमा लगानीको समुचित उपयोगलाई ध्यान दिनुपर्दछ । | |
| ३७ | | | **औषधि खरिद**<br><br>औषधि खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर विक्रि मूल्य सूची राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरेको र त्यस्तो उत्पादनकले स्थानीय डिलरलाई दिए सरहको छुट दिने गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद नहुने व्यवस्था छ । पालिकाले यस बर्ष औषधिजन्य सामाग्रि र औषधि खरिद गरेकोमा केही उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरेका प्रमाणका आधारमा तथा केही सोझै गरी बार्षिक रु.१९८९८७५।। को खरिद गरेको देखियो । नियममा तोकेको सिमा भन्दा बढीको औषधिजन्य सामाग्री तथा औषधि खरिद गरेकोमा स्थानीय डिलरलाई दिने सरहको मूल्यमा दिए नदिएको एकिन हुन सकेन । आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई जाँच गर्नुपर्ने, उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्नु पर्नेमा सो अनुसार गरेको प्रमाण राखेको देखिएन । यस्तो अवस्थामा पालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्पेशीफिकेशन अनुसार भएको छ भनि यकिन गर्न सकिएन । यसका अतिरिक्त बार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी अद्यावधिक अभिलेख राखी वितरण गर्न पालिकाले ध्यान दिनुपर्दछ । | |
| ३८ | १७४ | २०७९-३-२५ | **शसर्त अनुदानको रकम अन्यमा खर्च**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) अनुसार प्रदान गर्ने शसर्त अनुदान तोकिएको काममा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको नयाँ उद्यमि सिर्जना गर्ने कार्यको लागि तोकेर आएको रकम बर्षान्तमा शसर्त | २३६,२८३ |

| | | | | |
|---|---|---|---|---|
| | | | बजेटमा बचेको रकम फिर्ता गर्नुपर्नेमा कार्यालयलाई आवश्यक पर्ने भनि कार्यालय सामाग्रि रु.२३६२८३। मा खरिद गरेको देखियो । ऐनले तोकेको रकम तोकेको कामको लागि गर्नुपर्नेमा अन्यत्र गरेको नियम सम्मत नदेखिएको रु | |
| ३९ | | | **विद्यालय अनुदान** | |
| ३९.१ | | | कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकामा १९ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा उप महानगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| ३९.२ | | | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण सिकाई अनुदान तथा दरबन्दी नभएका विद्यालयमा बार्षिक प्रति विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा निकासा दिने गरे पनि पालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि, विद्यालयको O&M नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी पालिकाबाट नियुक्त गरी सहजकर्ता शिक्षकको बार्षिक रु. खर्च लेखेको देखियो । एउटै शीर्षकमा विना कार्यविधि पालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ४० | | | **राष्ट्रपति शैक्षिक सुधार**<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि सिक्दै कमाउदै कार्यक्रममा अनुदान कार्य सम्पन्न भए पश्चात कार्यालयले अनुगमन गरी अनुदान निकास गर्नुपर्ने उल्लेख छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उक्त कार्यक्रम बर्षान्तमा निकास भएकोले सवै अनुदान जन विकास मावि बारबाजको खातामा रु.१००००००। निकास गरी खाता सिज गरी राख्ने भनि भनेको पत्रको आधारमा पालिकाले विद्यालयबाट कार्य सम्पन्न गरी अनुगमन प्रतिवेदन सहित प्रमाण पेश गर्नुपर्ने रु. | १,०००,००० |
| ४१ | | | **स्यानीटरी प्याड**<br><br>सामुदायीक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड २२७६० थान सोझै कोटेशनको माध्यमबाट प्रति थान रु.४८ (मु अ कर सहित) को लागत अनुमान गरी एभरेष्ट सर्जिमेड एण्ड सप्लायर्स(६१३२९३३४३) बाट प्रति थान रु.४८ का दरले १४५८३ को कुल रु.६९९८५४। (मु अ कर समेत) भुक्तानी गरी खरिद गरेको छ। स्थानीटरी प्याड ( बितरण तथा व्यवस्थापन ) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राखु पर्ने, खरिद गरेका प्याडहरु तोकिए बमोजिमको गुणस्तरको भएको भनि गुणस्तर जाँच गरेको प्रमाण हुनु पर्नेमा गुणस्तरयुक्त भनि प्रमाणित गरी राखेको प्रमाण नभएको, स्थानीय तहले प्रदेश सामाजिक | |

<table>
<tr><td></td><td></td><td></td><td>मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाएनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>विल भरपाई वेगर भुक्तानी<br><br>प्रदेश आर्थिक कार्यविधी ऐन २०७५ को दफा ३७ (३) मा खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने ब्यवस्था छ । देहाय बमोजिमको भुक्तानीमा विल भर्पाइ संलग्न नदेखिँदा भर्पाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं./मिति</th><th>कार्यक्रम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२४९।२०७९।१।१३</td><td>सेवा परामर्श</td><td>वडा नं ४ मा कवडहल निर्माण कार्यको DPR निर्माण गर्न माईलस्टोन ईन्फ्रास्ट्रक्चर ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि चावहील काठमाण्डौंलाई रु ४२००००।०० भुक्तानी भएकोमा DPR Report तथा सोको जिन्सीदाखीला नभएको ।</td><td>४२००००।००</td></tr>
</table></td><td>४२०,०००</td></tr>
<tr><td>४३</td><td>४५<br>२</td><td>२०७८<br>-१२-८</td><td>अन्य कार्यालयको खर्च<br><br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा.... मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार ब्यक्तिबाट यस्तो खर्च असुल उपर गर्न सकिने ब्यवस्था छ । कार्यालयले छुट्टै अस्तित्व र बजेट ब्यवस्था भएको जिल्ला प्रहरी कार्यालय दार्चुलालाई प्रकोप व्यवस्थापन कोष तर्फ गो भौ नं ४५२।२०७८।१२।०८ बाट सवारी साधन मर्मतको लागि सहयोग वापत रु९९९९०।०० शिवम अटो हिल्सलाई भुक्तानी दिएको देखिन्छ त्यस्तै गाँउपालिका चालु तर्फबाट प्रहरी चौकी दुहुँको घरभाडा वापत मासिक १०५६० का दरले रु१२६७२०।०० भुक्तानी दिएको देखिन्छ। यसरी पालिकाले विनियोजित बजेट अन्य कार्यालयको प्रयोजनमा खर्च गर्ने कार्य नियमित नदेखिएको रु</td><td>२२६,७१०</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>भ्रमण खर्च</td><td></td></tr>
<tr><td>४४.<br>१</td><td>३१<br>२</td><td>२०७९<br>-३-१९</td><td>भ्रमण खर्च नियमावली २०६४ को नियम ३ अनुसार भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च लिने गरी भ्रमण गर्न हुदैन भन्ने व्यवस्था रहेको छ साथै भ्रमण गर्ने पदाधिकारीले भ्रमण खर्च कम खर्चिलो र मितव्ययी गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ।।गो भौ नं ३१२।२०७९।३।१९ सहकारी प्रवद्धन शिर्षकबाट सहायक चौथो सुरेन्द्र बहादुर बम सहकारी संस्थाको नमुना अवलोकन कार्यक्रमका लागि बैतडी डडेल्धुरा र कैलाली भ्रमण गर्दा दैनिक भ्रमण भत्ता वापत रु९६०० भुक्तानी भएकोमा गाडी भाडा वापत रु १६००००।०० र होटल बास र खाना वापत रु१३३४००।०० भुक्तानी दिएको देखिन्छ । यसरी सरकारी कामको लागी जादा दैनिक भ्रमण भत्ता लिएर</td><td>२९३,४००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | जानुपर्ने र भ्रमण नियमावलीमा तोकिएका परिधी भित्ररही खर्च गर्नुपर्नेमा एकल व्यक्ति २ दिने सहकारी संस्थाको नमुना अवलोकन कार्यक्रममा जादा भुक्तानी भएको खर्च नियमसम्बत नभएकोले दैनिक भ्रमण भत्ता रु ९६००।०० बाहेकको रकम असूल गर्नुपर्ने रु | |
| ४४.२ | २२३ | २०७९-१-२४ | गो भौ नं २२३।२०७९।१।२४ बाट पालिकाले समाजिक सुरक्षा भत्ता वितरण गरेवापत नेपाल ईन्भेष्टमेन्ट बैंकका कर्मचारीलाई दैनिक भ्रमण भत्ता रु४२०००।०० खाजा रु२६२०० र गाडी भाडा रु३५००० गरी रु१०३२०० भुक्तानी गरेको देखिन्छ । पालीकाले समाजिक सुरक्षा बैंक मार्फत भुक्तानी गर्न बैंक सँग गरेको सम्झौतामा सो सुविधा उल्लेख गरेको देखिएन, निजी बैंकका कर्मचारीलाई सेवाप्रवाह वापत दैनिक भ्रमण भत्ता तथा खाजा यातायात सूविधा दिने कुनै आधार नभएकोले आधार पेश गर्ने अन्यथा असूल उपर गर्ने रु | १०३,२०० |
| ४५ | | | **आय अनुमान र असुलीको स्थीति**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान रु. १०६३२०००। गरेकोमा रु.२८३४४१५। असुली गरेको देखिन्छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ४६ | | | **ग्यास सिलिण्डर वितरण :**<br><br>**ग्यास सिलिण्डर वितरण**: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा पालिकाले मध्यकालीन तथा दीर्घकालिन योजनामा बनाई बजेट विनियोजन गर्नुपर्ने उल्लेख छ ।पालिकाको आन्तरिक आय न्युन रहेकोमा परनिर्भर हुने वितरणमुखी कार्यक्रम ग्यास सिलिण्डर खरिदको लागि बजेट विनियोजन गरेको छ । पालिकामा कती संख्यामा घर धुरी रहेको अभिलेख बेगर कति ग्यास सिलिण्ड वितरण गरेको कति संख्यामा कुन कुन व्यक्तीलाई वितरण गर्न बाँकी रहेको प्रमाणित अभिलेख राखी वितरण गर्नुपर्नेमा अभिलेख वेगर गाउँपालिकाको समानिकरण बजेटबाट गत वर्षको भुक्तानी बाँकी रु २६२८२३२। र यस बर्ष खरिद गरेको रु ४७०३८९९।समेत जम्मा रु ७०३२१३१।को ग्यास सिलण्डर खरिद गरी वितरण गरेको नियम सम्मत नदेखिएको । | |
| ४७ | | | **पेश्की नघटाई मल्य समायोजन :**<br><br>**पेश्की नघटाइ मुल्य समायोजन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ मा निर्माण कार्यमा मुल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने र सम्झौतामा मुल्य समायोजन गर्न प्रयोग गरिने सम्वद्ध मुल्य सुचि समेत खुलाउनु पर्ने उल्लेख छ ।सम्झौतमा उल्लेख भएको मुल्य सुचिको आधारमा मुल्य समायोजन रकम भुक्तानी दिनुपर्दछ ।यस पालिकाले सम्झौता अनुसार पेश्की रकम | ७२७,८२६ |

<table>
<tr><td></td><td></td><td></td><td>घटाइ मुल्य समायोजन दिनु पेश्की रकम नघटाइ मुल्य समायोजन दिएकोले वढि भुक्तानि भएको रु ७२७८२६। मुल्य समायोजन रकम असुल गर्नुपर्ने रु
<table>
<tr><td>रनिङ विल</td><td>निर्माण व्यवसायी</td><td>पेश्की रकम</td><td>फयाक्टर</td><td>मुल्य समायोजन</td></tr>
<tr><td>पहिलो र दोस्रो</td><td>वाइ निर्माण सेवा</td><td>४२४०८५०</td><td>०।१०१९</td><td>४३२१४३।</td></tr>
<tr><td>तेस्रो रनिङ्ग</td><td>वाइ निर्माण सेवा</td><td>२०८००००।</td><td>०।१०१९</td><td>२११९५२।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>मुल्य समायोजन :<br><br>भवन निर्माण : गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि निर्माण व्यवसायी वाई पि निर्माण सेवासंग रु ५२२१८१२६।मा मिति २०७९।३।२५ मा सम्पन्न गर्न मिति २०७७।३।२७ मा सम्झौता भएको छ ।निर्माण व्यवसायीले सम्झौता अनुसार निर्माण कार्य गरी रु ४४०११४६०।भुक्तानी गरेको छ । देहायको व्यहोरा देखियो :<br>मुल्य समायोजन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ मा निर्माण कार्यमा मुल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने र सम्झौतामा मुल्य समायोजन गर्न प्रयोग गरिने सम्वद्ध मुल्य सुचि समेत खुलाउनु पर्ने उल्लेख छ ।सम्झौतमा उल्लेख भएको मुल्य सुचिको आधारमा मुल्य समायोजन रकम भुक्तानी दिनुपर्दछ ।यस पालिकाले भवन निर्माण व्यवसायी वाई पि निर्माण सेवालाइ सम्झौता अनुसार मुल्य समायोजन हुने सुत्र निर्धारण गरी मुल्य समायोजन दिनुपर्नेमा गणना गर्दा इन्डेक्स फरकपारी मुल्य समायोजन दिएको रु २७०१५०८। निर्माण व्यवसायीसंग असुल गर्नुपर्ने रु
<table>
<tr><td>रनिङ्ग विल</td><td>भुक्तानीरकम</td><td>फयाक्टर</td><td>दिनुपर्ने रकम</td><td>दिएको रकम</td><td>बढी दिएकव</td><td></td></tr>
<tr><td>पहिलो</td><td>४६७८३७२।५५</td><td>०।०३१४</td><td>१४६९००</td><td>४७६७२६</td><td>३२९८२६</td><td></td></tr>
<tr><td>दोस्रो</td><td>१६२२४७१५</td><td>०।०३४७</td><td>५६२९९८</td><td>१६५३२९८</td><td>१०९०३००</td><td></td></tr>
<tr><td>तेस्रो</td><td>७१५९७५२</td><td>०।०३४७</td><td>२४८४४४</td><td>७२९५७८</td><td>४८११३४</td><td></td></tr>
<tr><td>चौथो</td><td>७२८३५५६</td><td>०।०३४७</td><td>२५२७३९</td><td>७४२१९४</td><td>४८९४५५</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>२३९०७१५।</td><td></td></tr>
</table>
</td><td>२,७०१,५०८</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>हेरालु खर्च :</td><td>४५०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>हेरालु खर्च : दुहु गाउँपालिकामा संचालित सिलिङ्ग चौरा बहुउद्देश्यीय झोलुङ्गेपुलको जगदम्भा दोभान संगमले निर्माण गरीरहेको छ । उक्त झोलुङेपुलको निर्माण कार्य सम्पन्न नभएको र निर्माणधिन रहेको अवस्थामा पालिकाले २ जनालाई वर्ष भरि डोर हाजिर संलग्न गरी रु ४५००००। खर्च लेखेको छ ।झोलुङ्गेपुल निर्माणधिन रहेकोमा सम्वन्धित निर्माण व्यावसयीले नै रेखदेख गर्नुपर्नेमा पालिकाबाट हेरालु राखी खर्च लेख्नु नियमसम्मत नदेखिएको रु</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>फलामे डण्डी उपयोगा :<br><br>फलामे डण्डी उपयोग : प्रशासकिय भवन निर्माणमा फलामे डण्डी तालिका र प्रयोग भएको वारको विस्तृत विवरण नापी किताब तथा प्राविधिक विल वेगर र प्रयोग भएको नदेखिदा खर्च लेखेको दोस्रो तेस्रो र चौथो विलको जम्मा ७८.४०४ मेट्रिक टन रु १२००००। का दरले रु ९४०८४८०।को नापी कितावमा यर्थाथ प्रयोगको वारतालिका र परीमाण एकिन हुने गरी नापी नराखेकोले सोको प्रमाण पेश गर्नुपर्ने ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>प्राविधिक भत्ता :<br><br>प्राविधिक भत्ता : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ [१] बमोजिम स्थानीय सेवा गठन संचालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ [२] बमोजिम स्थानीय सेवाको गठन संचालन तथा व्यवस्थापन सेवाका सर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कानुन नबनाई निम्न प्राविधिक कर्मचारीहरुलाई मासिक १२०००।का दरले फिल्ड भत्ता दिने निर्णय गरी खर्च लेखेको छ ।हिमाली जिल्लामा स्थित गाउँपालिकामा वर्षमा ६महिना पनि फिल्डमा काम नहुनेमा वर्षभरीको फिल्ड भत्ता भुक्तानी गरी बढि आर्थिक व्ययभार पारेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>१</td><td>लाल सिंह बडाल</td><td>१४४०००</td></tr>
<tr><td>२</td><td>प्रकशा भण्डार</td><td>१४४०००</td></tr>
<tr><td>३</td><td>अमर बहा्दुर बम</td><td>१२००००</td></tr>
<tr><td>४</td><td>दिलानन्द जोशी</td><td>१२००००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५२८०००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>स्थानीय सामाग्री</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | **स्थानीय सामाग्रीको मुल्य**: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ १ मा आर्थिक वर्ष सुरु हुनु अगावै परिमाण र दररेट तोक्नु पर्ने व्यवस्था छ ।पालिकाले प्रशासकीय भवन निर्माणमा इटाको काम २४२।५९ घनमिटर निर्माण गरी रु ४८५१८००। निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ ।बजारमा इटाको आकार २५० सेमी लम्वाई १३० सेमी चौडाई ८० सेमी उचाई १ इन्ची मसलाको भाग समेतले हुने २६ लाख घनमिटर हुदा १ घन मिटरको लागि टुक्रा समेत ४२० वटा इटा लाग्ने हुदा पालिकाले लागत अनुमन बनाउदा ५२४ प्रयोग गरी प्रति घनमिटर १०४ का दरले २४२।५९ घनमिटर कामको प्रति गोटा रु ३१.७७ का दरले हुने लागत अनुमानमा भारलोड गरेकोले रु ८०१५३६।को मु अ कर समेत रु ९०५७२६.५४ बढि व्ययभार परेको देखियो । | |
| ५४ | | | **निर्माण कार्यको अनुगमन :**<br><br>कामको अनुगमन : दौदवा खानेपानी तथा सरसफाई आयोजना तिङककरी निर्माण सेवाबाट सम्पन्न गरी रु ७९७३०४०।भुक्तानी दिएको छ । तारवारको काम रिजरभ्वायर टयांकी सार्वजनिक धारा पाइपालाईन भल्भ च्याम्वर इन्टेक समेतको संरचना निर्माण भएको नापी किताब तयार गरेको भएपनि निर्मित संरचनाको देखिने फोटो पेश गरेको छैन । आयोजना क्षेत्रमा पुराना संरचनाको अवस्था उपयोग तथा अन्य सार्वजनिक क्षेत्रमा उपयोगको अवस्था बारेमा पालिकाले अनुगमन गर्नुपर्दछ ।आयोजनामा प्रयोग भएका एचडी पाईप कमला पोलेथिन एंव प्लाष्टीक उद्योग प्रयोगशालामा परीक्षण गरेकोमा पाइप उत्पादक कम्पनीको गुणस्तर र खरिद परीमाणको स्पेशिफिकेसन अनुसार भएको प्राविधिक र खरिद इकाईले प्रमाणीत नगरेकोले गुणस्तर आवश्वत हुने अवस्था देखिएन । | |
| ५५ | | | **वास्तविक नाँपजाँच गरी खर्च लेख्नु पर्ने :**<br><br>**वास्तविक नापजाँच गरी खर्च लेख्नुपर्ने**: जोशी गाँउ बागबजार सडकको नँया ट्र्याक खन्ने कार्यको चेनेज 0+775 -1+780 सम्मको सडक निर्माणको लागि निर्माण कार्य गरी सडक निर्माण उपभोक्ता समितिलाई गो भौ न ४७।०७८।१०।२७ बाट रु ३८४००००।भुक्तानी गरेको छ । उपभोक्ता समितिले निर्माण कार्यको आइटमवाईज नाँपजाँच गरी खर्च लेख्नु पर्नेमा Roadway and drain excavation in all types soft soil,orinary rock,hard rock 2963.77m3 खनेकोमा सफट स्वाइल ५० प्रतिशतको दर रु ३५ प्रतिघनमिटर, अर्डिनरी रक ३५ प्रतिशतको दर रु ६४ र हार्ड रक १५ प्रतिशत दर रु १४३ को औसत दर रु २४२ कायम गरी २९६३.७७ घनमीटर खन्ने काम गरेको भनी रु ७१८३७८।खर्च लेखेको छ ।रोड तथा ड्रेन खन्ने कार्यको औसत दर कायम नगरी वास्तविक खनेको परीमणको आइटमवाइज दर रु १८१६३३।मात्र हुने हुदा औसत दर निकाली भुक्तानी गर्दा पालिकालाई रु ५३६७४५।बढि व्यभार परेको रु | ५३६,७४५ |
| ५६ | | | **कार्य सम्पन्न :**<br><br>कार्यसम्पन्न : विद्यालय क्षेत्र राष्टपति शैक्षीक सुधार कार्यक्रम निर्देशिका ०७८।७९ बमोजिम देहायक पालिकामा निकासा भएको विद्यालय पुर्वधार संरचनाको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले निर्माण कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु<br><br>विद्यालयको नाम \| भुक्ताी रकम | १२,६००,००<br>० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गौरील माण्डौ मावि हिकिला चार कोठेभवन</td><td>३६०००००</td></tr>
<tr><td>भुमीराज आधारभुत विद्यालय</td><td>३६०००००।</td></tr>
<tr><td>दर्गा आधारभुत विद्यालय</td><td>३६०००००।</td></tr>
<tr><td>ब्रहम आधारभुत विद्यालय पासु</td><td>१८०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>
ननफाइलर :<br><br>
ननफाइलर : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. १६७४८७। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु नन् फाईलर रहेकोले मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><td>गो भौ न</td><td>सप्लायर्सको नाम</td><td>विजक रकम</td><td>मु अ कर रकम</td></tr>
<tr><td>३६२।३।२५</td><td>शुभ लक्ष्मी मल्टी ट्रेडर्स एण्ड सप्लार्यस</td><td>४९६६३५।</td><td>३९९४५</td></tr>
<tr><td>३६५।३।२५</td><td>शुभ लक्ष्मी मल्टी ट्रेडर्स एण्ड सप्लार्यस</td><td>४९४९४०।</td><td>३९८५८।</td></tr>
<tr><td>३६४।३।२५</td><td>लटिनाथ स्टेस्नरी एण्ड अर्डसप्लायर्स</td><td>४९४६००।</td><td>३९८३०।</td></tr>
<tr><td>३६६।३।२५</td><td>लटिनाथ स्टेस्नरी एण्ड अर्डसप्लायर्स</td><td>२८७८६८।</td><td>३३११७।</td></tr>
<tr><td>३६८।३।२५</td><td>लटिनाथ स्टेस्नरी एण्ड अर्डसप्लायर्स</td><td>१८३०००।</td><td>१४७३७।</td></tr>
</table>
</td><td>१६७,४८७</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>
सोझै खरिद :<br><br>
सोझै खरिद : सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पपर्धा सिमित हुने गरी खरिद गर्नुनहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली [एघारौ संशोधन] २०७८ को नियम ८५ मा रु १० लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने रु १० लाखभन्दा माथि रु २५ लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एवं एउटा आपुर्तिककर्तासंग एक पटक वा पटक पटक गरी उल्लेखित सिमाभन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले आपुर्तक तथा सम्पलायर संग एक वर्षमा पटक पटक गरी खरिद
</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>नियामावली तोकेको सिमा भन्दा बढीको खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै रु ३८८४७४५। खरिद गरेकोले कानुनको पालना नगरी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>गो भौ न</th><th>सप्लार्सको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३६४।०७९।३।२५</td><td>लटीनाठ स्टेशनरी एण्ड अर्डसप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>४९७२००।</td></tr>
<tr><td>३६६।०७९।३।२५</td><td>लटीनाठ स्टेशनरी एण्ड अर्डसप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>३८४२५६</td></tr>
<tr><td>३६८।०७९।३।२५</td><td>लटीनाठ स्टेशनरी एण्ड अर्डसप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>१८३०००।</td></tr>
<tr><td>११९।०७८।१०।११</td><td>लटीनाठ स्टेशनरी एण्ड अर्डसप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>९९६७१९</td></tr>
<tr><td>१४६।०७८।११।५</td><td>लटीनाठ स्टेशनरी एण्ड अर्डसप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>७३४९६।</td></tr>
<tr><td>२६३।०७९।२।२६</td><td>लटीनाठ स्टेशनरी एण्ड अर्डसप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>९९४४०।</td></tr>
<tr><td>२६४।०७९।२।२६</td><td>लटीनाठ स्टेशनरी एण्ड अर्डसप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>९९१५६</td></tr>
<tr><td>२६५।०७९।२।२६</td><td>लटीनाठ स्टेशनरी एण्ड अर्डसप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>५०००३</td></tr>
<tr><td>३०२।०७९।३।१७</td><td>लटीनाठ स्टेशनरी एण्ड अर्डसप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>४००००।</td></tr>
<tr><td>३२४।०७९।३।२१</td><td>लटीनाठ स्टेशनरी एण्ड अर्डसप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>८५६४४।</td></tr>
<tr><td>३६३।०७९।३।२५</td><td>शुभलक्ष्मी मल्टी ट्रेर्डस एण्ड सप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>४९६६३५</td></tr>
<tr><td>३६५।०७९।३।२५</td><td>शुभलक्ष्मी मल्टी ट्रेर्डस एण्ड सप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>४९४९४०।</td></tr>
<tr><td>३६७।०७९।३।२५</td><td>रतन इन्टर प्राइजेज एण्ड सप्लायर्स</td><td>मसलन्द एण्ड कार्यालय सामान</td><td>३८४२५६।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३८८४७४५</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>५९</td>
<td></td>
<td></td>
<td>लागत अनुमान :<br><br>लागत अनुमान :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले विद्यालय ४ कोठे भवन र २ कोठे भवन निर्माण वापत लागत अनुमान तयार गर्दा विद्यालय परिषरमा उपलव्ध पानीलाई</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>प्रतिलिटर रु ३ देखि ५ सम्मको लागत अनुमान तयार गरी लागतमा फ्रन्ट लोडिङ गरी लागत अनुमान तयार गरेकोले लागत अनुमान संशोधन गरी काम यर्थाथ बनाउनु पर्दछ । देहायको निर्माण काममा पानिको दर विश्लेषणमा समावेश गरेको उचित देखिएन ।
<table>
<tr><td>विद्यालयको नाम</td><td>M10</td><td>M15</td><td>block मेशिन</td><td>प्लाष्ट</td></tr>
<tr><td>भुमिराज आधारभुत विद्यालय कम्दा</td><td>6.92</td><td>41.51</td><td>22.82</td><td>1498.49</td></tr>
<tr><td>दर्गा आधारभुत विद्यालय</td><td>6.92</td><td>45.25</td><td>22.82</td><td>1498.59</td></tr>
<tr><td>गौरील माण्डौ मावि हिकिला</td><td>7.92</td><td>41.51</td><td>22.82</td><td>1498.59</td></tr>
<tr><td>ब्रम्ह आधारभुत विद्यालय</td><td>7.10</td><td>26</td><td>9.96</td><td>9.96</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता<br><br>सामाजिक सुरक्षा भत्ताः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस बर्ष बैंक मार्फत रु.४६१०२११२। वितरण गरेकोमा बैंकले सबै लाभग्राहिको खातामा जम्मा गरेको फिर्ता विवरण नदिएका कारण के कति खाताहरु निष्कृय रहेका र कति खाता अस्थाई रुपमा खोलेको विवरण पेश नगरेको र कार्यालयबाट समयमै लगत अद्यावधिक नगरेकोले वास्तविक रकम के कति खर्च भएको यकिन गर्न सकिएन । कार्यालयले बेलैमा लगत अद्यावधिक गरी यकिन तथ्याङ्कको आधारमा सामाजिक सुरक्षा भत्ता खर्च लेख्नु पर्ने ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>६१.१</td><td></td><td></td><td>भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमण गर्ने पदाधिकारीले भ्रमण खर्च कम खर्चिलो र मितव्ययी गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ । गो भौ नं ३२५।२०७९।३।२१ अनुगमन मुल्यांकन जनप्रतिनिधी शिर्षकबाट गाँउपालिका अध्यक्ष र गो भौ नं ३२६।२०७९।३।२१ अनुगमन मुल्यांकन जनप्रतिनिधी शिर्षकबाट गाँउपालिका उपाध्यक्ष दुबैजना एउटै कार्यक्रम (स्थानीय सरकार संचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम) मा सहभागी हुन धनगढी जादा दुबैलाई रु४०००० का दरले रु८००००।०० गाडीभाडा वापत भुक्तानी भएकोदेखिन्छ साथै स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ क मा गाँउपालिका अध्यक्ष र उपाध्यक्षलाई सुविधाको सवारी साधन उपलब्ध नभएमा मासिक १०००० र ९००० का दरले यातायात खर्च उपलब्ध गराउने व्यवस्था अनुसार पालीकाले पदाधिकारीहरुलाई मासिक यातायात खर्च उपलब्ध गराउदै आईरहेको छ ।गो भौ नं १९४।२०७८।१२।८ अनुगमन भ्रमण खर्च</td><td>१५५,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>जनप्रतिनिधी शिर्षकबाट गाँउपालिका अध्यक्ष र उपाध्यक्षलाई पालिका भित्रै अनुगमनका लागि प्रतिदिन रु ५ हजार का दरले १५ दिनका लागि रु ७५०००।०० गाडी भाडा वापत भुक्तानी भएको रकम नियमावलीको मर्म विपरीतको खर्च अनियमित देखिएको रु</td><td></td></tr>
<tr><td>६१.२</td><td></td><td></td><td>सुदुर पश्चिमाञ्चल प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ मा स्थानिय तहका पदाधिकारीहरु कामको सिलसिलामा बाहीर जादा दैनिक भ्रमण भत्ता लिएर जाने व्यवस्था गरेको छ साथै होटल बास बापत छुट्टै सूविधा पाउने व्यवस्था गरेको छैन। गाँउपालिका अध्यक्ष विभिन्न मितिमा दैनिक भ्रमण भत्ता लिएर भ्रमण गर्दा गो भौ नं २७०।२०७९।२।३१ बाट होटल बास तथा खाना बापत रु २७५२४०।०० र गाडी भाडा वापत रु ३६६०००।०० र गो भौ नं ३३४।२०७९।३।३१ बाट विभिन्न स्थानको होटल बास तथा खाना बापत रु १५२०००।०० र गाडी भाडा वापत रु ७२०००।०० सहायक चौथो प्रेम सिंह धामीलाई भुक्तानी भएको अनियमीत रकम रु</td><td>८६५,२४०</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>कर्मचारी सुविधा</td><td></td></tr>
<tr><td>६२.१</td><td></td><td></td><td>गाँउपालिकाले देहाय बमोजिमका करारका कर्मचारीहरुलाई दुर्गम भत्ता र महंगी भत्ता दिएको देखिन्छ । करारका कर्मचारीहरुलाई दुर्गम भत्ता दिन पाउने व्यवस्था नदेखिएकोले के आधारमा मा दुर्गम भत्ता र महंगी भत्ता दिएको हो प्रमाण पेश गर्ने रु
<table>
<tr><td>क्र सं</td><td>पद नाम</td><td>स्थानीय भत्ता</td><td>महंगी भत्ता</td><td>जम्मा</td></tr>
<tr><td>१</td><td>का स प्रेम सिंह धामी</td><td>७७५२०</td><td>२४०००</td><td>१०१५२०</td></tr>
<tr><td>२</td><td>का स सुरेन्द्र बहादुर बम</td><td>७७५२०</td><td>२४०००</td><td>१०१५२०</td></tr>
<tr><td>३</td><td>स ई दिलानन्द जोशी</td><td>९५५२०</td><td>२४०००</td><td>११६५२०</td></tr>
<tr><td>४</td><td>ना प से प्र धिरक बोहरा</td><td>७७५२०</td><td>२४०००</td><td>१०१५२०</td></tr>
<tr><td>५</td><td>ना प्र से प्रा धिरेन्द्र सिहं धामी</td><td>७७५२०</td><td>२४०००</td><td>१०१५२०</td></tr>
<tr><td>६</td><td>ना प्र से प्रा सन्तोष सिंह ठगुन्ना</td><td>७७५२०</td><td>२४०००</td><td>१०१५२०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>६२४१२०</td></tr>
</table></td><td>६२४,१२०</td></tr>
<tr><td>६२.२</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>। अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ त्यस्तै सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को बुंदा नं११ मा "प्रोत्साहन भत्ता अतिरित्त समय काम गरे वापतको भत्ता जोखिम भत्ता खानाखाजा लगायतका कुनै प्रकारका भत्ता प्रदान गरिने छैन" भन्ने व्यवस्था रहेको छ। पालिकाले कानून नबनाई निमनानुसारका कर्मचारीलाई प्रोत्साहन भत्ता खर्च गरेको देखिन्छ ।
<table>
<tr><th>क्र सं</th><th>कर्मचारीको नाम</th><th>मासिक सुविधा</th><th>वार्षीक सुविधा</th></tr>
<tr><td>१</td><td>प्र प्र अ भुपेन्द्र सिंह बडाल</td><td>अतिरित्त भत्ता रु १८०००<br>संचार सुविधा रु१२०००</td><td>३६००००।००</td></tr>
<tr><td>२</td><td>क अ अशोक चौधरी</td><td>अतिरित्त भत्ता१२०००</td><td>१४४०००।००</td></tr>
<tr><td>३</td><td>स पाचौ सरिता बडाल</td><td>अतिरित्त भत्ता १२०००</td><td>१४४०००।००</td></tr>
<tr><td>४</td><td>सु प्र अ विरेन्द्र राज जोशी</td><td>संचार सुविधा १२०००</td><td>१४४०००।००</td></tr>
<tr><td>५</td><td>लेखपाल गोपाल सिंह विष्ठ</td><td>अतिरित्त भत्ता १२०००</td><td>१४४०००।००</td></tr>
<tr><td></td><td></td><td></td><td>९३६०००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणबाट कायम बेहोरा<br><br>प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ९६ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गरी फछ्यौंट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिमका व्यहोराहरु फछ्यौंट गरेको प्रमाण पेश नभएकोले बेरुजु कायम गरिएको छ ।</td><td></td></tr>
<tr><td>६३.१</td><td></td><td></td><td>जनप्रतिनिधि हरुले २०७९/०१/०९ मा राजिनामा दिई सकेको अवस्थामा गाउँपालिका चालु गो.भौ.नं. ३२३ बाट जनप्रतिनिधिहरुको सेवा सुविधा भुक्तानी गरेकोमा जानकी देवी जोशी, बहादुर सिंह बोहरा ,हरिना देवी लुहार र जित सिंह महर को प्रति महिना रु.७२०० का दरले रु.२८८००।बढी भुक्तानी भएकोले निजहरुबाट असुल गर्नुपर्ने रु</td><td>२८,८००</td></tr>
<tr><td>६३.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९,५६ र ५७ ।तथा नेपाल सरकारको अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ बमोजिम प्रमाण कागजात र पुष्टयाईको आधारमा लेखा राखु पर्ने व्यवस्था छ । संघ सशर्त चालु तर्फ मिति</td><td>८१,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>२०७९/०१/२३ गो.भौ.नं. ८३ मा पञ्जिकरण सम्बन्धी २ दिने अभिमुखीकरण तालिममा सहभागीहरुको भत्ता दर तोके भन्दा बढी भएकोले बढी रकम सम्बन्धित कार्यक्रम सञ्चालकबाट असुल गर्नुपर्ने तथा गाउँपालिका चालु तर्फ मिति २०७९/०२/३१ गो.भौ.नं.२७० मा रु.१८००० र मिति २०७९/०३/२१ गो.भौ.नं.३३४ मा गाडी भाडा दोहोरो भुक्तानी भएको रु ७४,००० समेत रु.८१०००। असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>६३.<br>३</td><td></td><td></td><td>गरिबी निवारणका लागी उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद-३ मा उल्लेख भए बमोजिम प्रक्रिया पुरा नगरेको तथा संघ सशर्त चालु तर्फ मिति २०७९/०३/२० लघुउद्यम विकास कार्यक्रममा प्रशिक्षकहरुको भत्ता बढी भएको रु.१०२९६० र खाना खर्चको दोहोरो बिल पेश गरि भुक्तानी लिएको रु.३२८१०० र अनुगमन भत्ता नबुझाइएको रु.१६००० गरी सामुदायिक ग्रामिण विकास समाज नेपाललाई बढी भुक्तानी गरिएकोले नियम विपरित भुक्तानी यकिन गरी असुल गर्नुपर्ने रु</td><td>४४७,०६०</td></tr>
<tr><td>६३.<br>४</td><td></td><td></td><td>आर्थिक वर्ष २०७५/०७६ देखि कार्यपालिकाको निर्णय अनसार आङ खसेका महिलाहरुको उपचार खर्च बाफत प्रति बिरामी महिला रु. ५०,००० का दरले आर्थिक सहायता दिने निर्णय गरेको छ ।। दुहुँ गाउँपालिका चालु खर्च तर्फ मिति २०७८/०८/२१ गो.भौ.नं. ६५ मा राधा देवी भट्टको उपचार २०७१.२०७२ मा गरेको (बिल भर्पाईको आधारमा ) उपचार बाफत आर्थिक सहायता भुक्तानी गरेकोले निर्णय गर्नु अघिको विलबाट भुक्तानी दिनु नियमसम्मत नदेखिएको रु.</td><td>५०,०००</td></tr>
<tr><td>६३.<br>५</td><td></td><td></td><td>संघ सशर्त चालु तर्फ मिति २०७९/०१/१५ गो.भौ.नं. ६६ मा बिलमा मिति नराखेको र जिन्सी सहायक खाता अनुसार पञ्जिकरण शाखामा ४ वटा टि- टेबुल डेस्कटप कम्प्युटर भएको भनिएकोमा अनुगमन गर्दा नभएको तथा मर्मत आदेश बिना टि-टेबुल, कम्प्युटर टेबुल मर्मत गरेको रु.१९८००। भुक्तानी गरीएकोले प्रमाण पेश गर्नुपर्ने रु</td><td>१९,८००</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>नन्फाइलर<br><br>नन्फाइलर–मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु २४७४७५।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><td>गो भौ नं मिती</td><td>भुक्तानी पाउने फर्मकोनाम</td><td>प्यान नं</td><td>मु अ कर रकम</td><td></td></tr>
<tr><td>६६।२०७८।८।२१</td><td>हेराल्ड मिडिया एण्ड एडभरटाईजिङ एजेन्सी</td><td>३०२८१७१३५</td><td>१४७४२</td><td></td></tr>
<tr><td>११९।२०७८।१०।११</td><td>लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स</td><td>३०१७८२११९</td><td>११४६६९</td><td></td></tr>
<tr><td>१४६।२०७८।११।५</td><td>लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स</td><td>३०१७८२११९</td><td>८४५६</td><td></td></tr>
</table></td><td>२४७,४७५</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १६९।२०७८।११।२६ | मर्सिल्याण्ड प्रेस प्रा लि | ६०४२३०७५१ | १२६७५ | |
| २६३।२०७९।२।२६ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | ३०१७८२११९ | ११४४० | |
| २६४।२०७९।२।२६ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | ३०१७८२११९ | ७९५६ | |
| २६५।२०७९।२।२६ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | ३०१७८२११९ | ५७५३ | |
| ३०२।२०७९।३।१७ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | ३०१७८२११९ | ४६०० | |
| ३२४।२०७९।३।१७ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | ३०१७८२११९ | ९८५४ | |
| ३४३।२०७९।३।२४ | नर्मदा इन्फोसिस | ६०७६९३३२ | ५७३३० | |
| | जम्मा | | २४७४७५ | |

| | | | | |
|---|---|---|---|---|
| ६५ | | | **बरबुझारथ नभएको** | १२१,००० |

आर्थीक कार्यविधि तथा वित्तिय उत्तरदयित्व नियमावली २०७७ नियम १०३ मा कुनै पनि पदाधिकारी कुनै पनि कारणवश आफू कार्यरत कार्यालय छोडी जादा वा सो काम बाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद जिन्सी मालसमान बरबुझारथ गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । पालिका का तपसिलका जनप्रतिनिधीहरुको कार्यकाल समाप्त भएर जादा आफुले बुझेको समान बरबुझारथ गर्न बाँकी देखिएकोले बुझाएको प्रमाण पेश गर्ने अन्यथा असूल उपर गर्ने रु

| क्र सं | नाम पद | फिर्ता गर्न बाँकी समानको विवरण | मुल्य | कैफियत |
|---|---|---|---|---|
| | वडाध्यक्ष १ जय बहादुर बम | मोबाईल १ थान | २००००/- | |
| | वडाध्यक्ष ४ गोपाल कार्की | मोबाइल १ थान<br>स्टिल दराज १ थान<br>ग्यास सिलिण्डर १ थान | ४००००/- | |
| | गा पा सदस्य अरुणा बम | मोबाईल १ थान | १५०००/- | |
| | गा पा सदस्य आन सिंह धामी | मोबाईल १ थान | ८०००/- | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>गा पा सदस्य देव सिंह महर</td><td>मोबाईल १ थान</td><td>६०००/-</td><td></td></tr>
<tr><td></td><td>गा पा सदस्य धनपती बडाल</td><td>मोबाईल १ थान</td><td>६०००/-</td><td></td></tr>
<tr><td></td><td>गा पा सदस्य सीता देवी लुहार</td><td>मोबाईल १ थान</td><td>६०००/-</td><td></td></tr>
<tr><td></td><td>गा पा सदस्य शेर बहदुर महरा</td><td>मोबाईल १ थान</td><td>६०००/-</td><td></td></tr>
<tr><td></td><td>गा पा सदस्य हरिना लुहार</td><td>मोबाईल १ थान</td><td>८०००/-</td><td></td></tr>
<tr><td></td><td>गा पा सदस्य कलावती लुहार</td><td>मोबाईल १ थान</td><td>६०००/-</td><td></td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>१६१०००।००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>
नन्फाइलर<br><br>
नन्फाइलर — मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>१६९।०७९।३।२५</td><td>लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स</td><td>३०१७८२११९</td><td>२८०८६२</td><td>३२३१२</td><td>२०७८।M।९</td></tr>
</table>
</td><td>३२,३१२</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फछ्यौंट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजु फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि रु. २३०२०००।००अनुरोधभई आएकोमा असुली र प्रमाणका आधारमा रु.१५००००।- पछि जानकारी दिने गरी सम्परीक्षण गरिएको छ। अन्य बेरुजु फछ्यौंट गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ।
</td><td></td></tr>
</table>

| क्र.स. | आ.व. दफा न. | बेरुजु व्यहोरा | बेरुजु रकम | फछ्यौटको व्यहोरा | सम्परीक्षण रकम |
|---|---|---|---|---|---|
| १ | २०७६।०७७ दफा नं ५० | पेश्की बाँकी | १०६२२००० | पेश्की फर्छौट भएको प्रमाण पेश गरेको आधारमा<br>१) समाज कल्याण समाजलाई झोलुङ्गे पुल निर्माणको पेश्की विल पेश गरेकोले फर्छौट भएको १५०००० | १५०००० |
| | | **जम्मा** | १०६२२००० | **जम्मा** | १५०००० |